यस व्यास नगरकार्यपालिकाको १७३ औं बैठक आज मिति २०८०/०६/०७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री गंगालाल सुवेदी | उपस्थित |
| अधिकृत सातौं | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: सम्माननीय राष्ट्रपतिज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२: २०८०/५/२२ को कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.३: डेंङ्गु रोगको असर अत्यधिक बढेकाले नियन्त्रण सम्बन्धमा ।
प्रस्ताव नं.४: बुधबारे हाट बजारलाई व्यवस्थित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: चाडपर्वहरुमा बाटो सफाई लगायतका कार्य गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६: मादी नदीमा माछा संरक्षण सम्बन्धमा सम्बन्धित पालिकाहरुको समन्वय बैठक बस्ने सम्बन्धमा ।
प्रस्ताव नं.७: मिति २०८०/६/१० गते विश्वपर्यटन दिवस मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.८: वन, वातावरण तथा सरसफाई समिति अन्तर्गत वन उपभोक्ता समितिको संयुक्त बैठक गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९: संघ, प्रदेश, आन्तरिक आयको जानकारी सम्बन्धमा ।
प्रस्ताव नं.१०: 'घ' वर्गको निर्माण व्यवसायी ईजाजतपत्र नविकरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: वातावरण शुल्क सम्बन्धी ठेक्का सम्झौता सम्बन्धमा ।
प्रस्ताव नं.१२: विभिन्न योजनाको DPR निर्माण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: खेलमैदान निर्माणमा साझेदारी सम्बन्धमा ।
प्रस्ताव नं.१४: विद्यालय शिक्षकको तलब सम्बन्धमा ।
प्रस्ताव नं.१५: संघीय बजेट अन्तर्गत झोलुङ्गेपुलको DPR गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१६: विपदजन्य रुख हटाउने सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं.१७: अत्यावश्यक एवं विपद्जन्य कार्यमा बजेट विनियोजन सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा शहरी विकास मन्त्रालयको लगानीमा दमौलीमा निर्माण गरिएको दमौली सभाहल र वि.पि. स्मृति पार्कको मिति २०८०/०६/०६ गते सम्पन्न उद्घाटन कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूको गरिमामय उपस्थिति भएकोमा सम्माननीय राष्ट्रपतिज्यूमा हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/५/२२ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल विगत केही समयदेखि डेंङ्गु रोगको संक्रमण बढिरहेको र तनहुँ जिल्लामा करिब १६०० बिरामीको विवरण प्राप्त हुँदा करिव १३५० बिरामी व्यास नगरपालिकामा रहेको र शहरी वडाहरुमा अत्यधिक असर परेको, डेंङ्गुको कारणले केही व्यक्तिहरुको मृत्यु भएको देखिंदा सम्बन्धित वडा समितिलाई आ-आफ्नो वडाका स्वास्थ्यकर्मी, टोल विकास संस्था, क्याम्पस, विद्यालयसँग समन्वय गरी डेंङ्गु खोज र नष्ट अभियान सञ्चालन गर्न निर्देशन दिने र हाल सेतो पुतली (SHAPU) को प्रकोप पनि फैलिरहेकाले डेंङ्गु र सेतो पुतलीबाट बच्नका लागि सतर्क र सजग रहन सम्पूर्ण नगरवासीमा अनुरोध गर्ने निर्णय गरियो । साथै डेंङ्गु परीक्षणको आवश्यक किट समेतको व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा २०८०/०६/०३ गते संविधान दिवसको दिनदेखि शुभारम्भ गरिएको परम्परागत बुधबारे हाटबजारमा सहभागी सम्पूर्ण अतिथि महानुभावहरु, किसान एवं उपभोक्ताहरुमा हार्दिक धन्यवाद ज्ञापन गरी उक्त दिन देखिएका कमी कमजोरीहरुको प्राप्त सुझावलाई मध्यनजर गरी हाटबजारलाई निरन्तरता दिने निर्णय गरियो । साथै २०८० सालको दशैं बजारलाई समेत

सोही स्थानमा व्यवसायीहरुसँग समन्वय गरी सम्बन्धित वडाको संयोजनमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा २०८० सालको वडादशैं, शुभ-दिपावली, नेपाल संवत, छठ पर्व लगायतका पर्वहरुमा नगरवासी दाजु-भाई, दिदी-बहिनीहरुको आवागमनलाई सहजीकरण गर्न सम्बन्धित वडा प्राविधिकको लागत ईष्टिमेटका आधारमा वडागत बजेटबाट बाटाहरु सरसफाई, पूजा व्यवस्थापन, पिङ्ग व्यवस्थापन लगायतका कार्यहरु गर्न गराउन सबै वडा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा तनहुँ जलविद्युत आयोजनाबाट व्यास नगरपालिका तनहुँ, मध्यनेपाल नगरपालिका लमजुङ्ग, रुपा गाउँपालिका र मादी गाउँपालिका कास्की समेत ४ पालिकाका प्रमुख/अध्यक्ष, उप-प्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र ती पालिकाका मादी नदीसँग जोडिएका वडा अध्यक्षहरु, माझीबोटे प्रतिनिधिहरु समेतको सहभागितामा मादी नदी संरक्षण प्रस्ताव तयारीका लागि मिति २०८०/६/७ गते दिउँसो व्यास नगरपालिका सभाकक्षमा छलफल कार्यक्रमको लागि संयोजन गरिदिन अनुरोध भई आएकाले आवश्यक सहजीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/०६/१० गते विश्व पर्यटन दिवस कार्यक्रम सबै होमस्टे प्रतिनिधि, साँस्कृतिक क्षेत्रका प्रतिनिधि, क्याम्पस, विद्यालय प्रतिनिधि सहित मनाउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका वन उपभोक्ता समितिका अध्यक्ष वा प्रतिनिधि, डिभिजन वन कार्यालय, तनहुँका प्रमुख वा प्रतिनिधि समेतको सहभागितामा मिति २०८०/०६/१२ गते दिउँसो व्यास नगरसभा कक्षमा अन्तर्किया कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको संघ, प्रदेश र आन्तरिक आयबाट प्राप्त रकम नगरपालिका कोषमा निम्नानुसार रहेको र कमागत योजनाहरुको भुक्तानी प्रकृया भइरहेको आर्थिक प्रशासन शाखाबाट बैठकमा जानकारी प्राप्त भयो ।

| | |
|---|---|
| (क) संघबाट समानीकरण | – रू.५,१४,९२,०००। |
| (ख) संघबाट सशर्त | – रू.२४,५४,०८,७९०। |
| (ग) प्रदेश समानीकरण | – रू.रकम प्राप्त नभएको |
| (घ) प्रदेश राजश्व बाँडफाँड | – रू.२८,४१,६१४। |
| (ङ) प्रदेश समपूरक/विशेष | – रू.६०,००,०००। |
| (च) आन्तरिक आय | – रू.२,५६,९९,६३३।२९ |
| (छ) सञ्चित कोष अल्या | – रू.५,१८,२६,०००। |
| **जम्मा :** | **– रू.३८,३२,६८,०३७।२९** |

**निर्णय नं. १०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र मूल्याङ्कन समितिको सिफारिस अनुसार तपसिल बमोजिमको निर्माण व्यवसायी ईजाजत पत्र नियमित गर्ने कार्यविधि २०७७ (पाँचौं संशोधन कार्यपालिकाको मिति २०८०/५/७ को निर्णय नं.२६ (३) बमोजिम) नवीकरण गर्ने निर्णय गरियो ।

| क.सं. | फर्म/कन्स्ट्रक्सनको नाम | दर्ता नं. | ठेगाना | मान्य अवधि सकिएको मिति |
|---|---|---|---|---|
| १. | श्री मोनिका कन्स्ट्रक्सन | १३/०५४।०५५ | व्यास-२, तनहुँ | २०७८ आषाढ मसान्त |
| २. | श्री रचिता कन्स्ट्रक्सन | २१/०६३।०६४ | व्यास-२, तनहुँ | २०७८ आषाढ मसान्त |
| ३. | श्री वि.एस. निर्माण सेवा | ६७/०६८।०६९ | व्यास-१०, तनहुँ | २०७७ आषाढ मसान्त |
| ४. | श्री ओजस्वी कन्स्ट्रक्सन | | व्यास-५, तनहुँ | २०७८ आषाढ मसान्त |

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा वातावरण शुल्कको ठेक्का सम्झौताका सम्बन्धमा अन्तिम पटक मिति २०८०/०५/२६ गते प्रकाशित सूचना बमोजिम श्री खनाल इन्भेष्टमेन्ट कन्स्ट्रक्सन व्यास, १० ले (मु.अ.कर र आयकर बाहेक) रू.१,०१,३०,५५५। (अक्षेरुपी एक करोड एक लाख तीस हजार पाँच सय पचपन्न मात्र) कवोल गरी मिति २०८०/०६/०४ गते व्यास नगरपालिका कार्यालय आय ठेक्का मूल्याङ्कन समितिबाट मूल्याङ्कन समेत भएकोले कवोल अङ्क रकम रू.१,०१,३०,५५५। लाई एक वर्षको मानेर दामासाहीले हुन आउने समयको रकम घटाई नियमानुसार भ्याट तथा अग्रिम आयकर जोडी सम्झौता प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा संघ, प्रदेश सरकारसँग आ.व.२०८१/०८२ मा योजना माग गर्दा सम्बन्धित योजनाको DPR पेश गर्नु पर्ने हुँदा निम्न लिखित योजनाहरुको गुरु योजना एवं विस्तृत परियोजना प्रतिवेदन (DPR) २०८० मार्ग मसान्तभित्र बजेट शीर्षक नं.६८ र १२७ बाट खर्च हुने गरी प्रतिस्पर्धा गराई पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(१) व्यास नगरपालिकाको सबै वडाहरुको सडक गुरुयोजना निर्माण रू.१५,००,०००। (पन्ध्र लाख) लाग्ने कर समेत ।

(२) व्यास ६ मदी खोला मोटर पुल योजनाको माटो परीक्षण समेतको DPR का लागि रू.६,००,०००। (छ लाख) लाग्ने कर समेत ।

(३) व्यास नगरपालिका वडा नं.१२ को घाँसीकुवा सितलबजार बीचबाट वडा नं.११ को कैलाश्वरेश्वर मार्ग जोड्ने बुल्दी खोलामा मोटर पुल निर्माण योजनाको माटो परीक्षण समेत DPR का लागि रू.६,००,०००। (छ लाख) लाग्ने कर समेत ।

(४) व्यास नगरपालिका वडा नं.१३ खिरखादी खोलाबाट बेनीकोट भञ्ज्याङ्ग झाँकीथान लिफ्टिङ्ग खानेपानी योजनाको DPR का लागि रू.३,००,०००। (तीन लाख) लाग्ने कर समेत ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.११ र भानु नगरपालिका वडा नं.६ मुलपानीका युवाहरुका लागि ठूलोचौर निर्माण एवं संरक्षणका लागि रू.७०,८४७६२ को ल.ई. भई आएकाले सो मैदानको निर्माणका लागि यस नगरपालिकाबाट ६०० लिटर तेल र १० थान जाली उपलब्ध गराइएकोमा सो समेतको मूल्याङ्कन गरी सो र रू.२,५०,०००। विपद् कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा क्यामिनकोट मा.वि.का नि.मा.वि. तह सामाजिक विषयका शिक्षकले २०७९/९/२० देखि २०७९/१२/२३ सम्मको विद्यालयमा अध्यापन गरेको पारिश्रमिक माग गरी यस नगरपालिकामा निवेदन पेश गर्नु भएकाले क्यामिनकोट मा.वि.लाई सो सम्बन्धमा प्रतिवेदन लिई अध्यापन गरेको भए सोको पारिश्रमिक भुक्तानी गर्न विद्यालयलाई निर्देशन दिने गरी आवश्यक कार्य गर्न गराउन व्यास नगर शिक्षा तथा सामाजिक विकास शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८०/०८१ को न.पा. बजेट शीर्षक नं. ८८५ मा व्यास नगरपालिका वडा नं.६ सेखटार र वडा नं.७ गलमखोला जोड्ने मादी नदी झोलुङ्गे पुलको लम्बाई १२० मिटरभन्दा बढी भएको, व्यास न.पा. वडा नं.५ को उदय मा.वि. तलबाट म्याग्दे गाउँपालिका वडा नं.१ को बाखे जोड्ने साँगे खोलाको झोलुङ्गेपुलको लम्बाई १२० मिटरभन्दा कम भएको र सो पुलहरुका लागि एकमुष्ट संघीय बजेटबाट रू.२०,००,०००। (बिस लाख) विनियोजन भएकाले सो रकमबाट खरिद ऐन नियम अनुसार खरिद प्रकृया अघि बढाई दुवै पुलको DPR तयार गरी बाँकी रहेको रकमबाट झोलुङ्गेपुलका आवश्यक सामग्री खरिद गर्न पूर्वाधार तथा योजना शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालका वडा नं.७ को उपल्लो नरङ्गा टोल विकास अन्तर्गत टोलको भवन नजिक रहेको सिसौंको रुख एक र आँपका रुखका सुकेका हाँगाहरु घर तथा कलेस्ती गजौडे जाने मार्गमा भाँचिई विपद् पार्न सक्ने देखिंदा उक्त रुखहरु हटाउन अनुमति दिनु हुन भनी डिभिजन वन कार्यालय, तनहुँ र जिल्ला प्रशासन कार्यालय, तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका विपदजन्य एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो । उक्त कार्यक्रमहरु सञ्चालन गर्दा नियमानुसार सम्बन्धित शाखासँग सम्पर्क गरी सम्झौता गर्ने र कार्य सम्पन्न भएपश्चात् सम्बन्धित वडाबाट कार्यसम्पन्न भएको भनी भुक्तानीको लागि सिफारिस पत्र ल्याउनु पर्नेछ ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | बुद्धसागर युवा क्लव, फुटवल प्रतियोगिता सहयोग | १ | २५,०००। | १३१ |
| २. | भानु प्रतिष्ठानको अनुरोधमा निखिल ढाका टोपी उद्योगलाई भुक्तानी | २ | ३५,०००। | १३० |
| ३. | लोकदोहोरी प्रतिष्ठान, तनहुँ तिजगीत प्रतियोगिता सहयोग | २ | ४०,०००। | १३० |
| ४. | बैदिक पुरोहित समाज कार्यक्रम सहयोग | ३ | २५,०००। | १३० |
| ५. | मदर्शा आधारभुत विद्यालय शिक्षक व्यवस्थापन | ४ | २,००,०००। | ८१ |
| ६. | रुपेश नेपाली मृगौला पीडित उपचार खर्च | ५ | ४०,०००। | ६३ |
| ७. | शिशाघाट महिला विकास समिति तिज गीत प्रतियोगिता | ६ | ४०,०००। | १३० |
| ८. | मधु परियारको पैह्रोबाट घर संरक्षण | ६ | १५,०००। | विपद |
| ९. | एकल महिला पुष्पा थापा मगरको नाबालक छोरा छोरी उपचार अध्ययन सहयोग | ७ | २५,०००। | ६३ |
| १०. | कलेस्ती एग्रो फार्म प्रा.लि. माछापोखरी संरक्षण | ७ | २,५०,०००। | विपद |
| ११. | विनिता मिश्र, अध्ययन अनुसन्धान सहयोग | ८ | २०,०००। | ८३ |
| १२. | कोभिड व्यवस्थापन अस्पताल घर ल्याव व्यवस्थापन | १० | १,४५,०००। | ८२१ |
| १३. | बागेश्वरी मार्ग पुल संरक्षण ह्यूमपाइप खरिद | ११ | ७८,०००। | ८७७ |
| १४. | तनहुँसुर भगवती देवालय संरक्षण समिति तिज गीत कार्यक्रम सहयोग | ११ | ३०,०००। | १३० |
| १५. | सविना सन्ध्या पशु कृषि फार्म, सिँचाई पाइप | ११ | ८,०००। | ८२३ |
| १६. | रस्मिता सुर्खाली, खानेपानी पाइप उपलब्ध | ११ | १५,०००। | ८३१ |
| १७. | रिता पन्थ, सिँचाई पाइप उपलब्ध | १२ | २५,०००। | ८२३ |
| १८. | यामबहादुर विश्वकर्मा, पैह्रोबाट घर संरक्षण | १३ | ३०,०००। | विपद |
| १९. | देउलीघाट खानेपानी मुहान संरक्षण | १३ | ५०,०००। | ८३१ |
| २०. | झाँकीथान खानेपानी इन्टक्की निर्माण, मर्मत र पाइप खरिद समेत | १४ | १,१०,०००। | ८३१ |
| २१. | फ्रेण्डसिप युवा क्लव फुटवल प्रतियोगिता | | ३०,०००। | १३१ |
| २२. | टिम नेपो विज्ञापन रकम भुक्तानी | | १०,०००। | ३९ |
| २३. | रिसिङ्ग युवा विकास भलिवल प्रतियोगिता | | १०,०००। | १३१ |
| २४. | वि.पि. स्मृति पार्क निर्माण सहभागिता | | १,००,०००। | ८७७ |
| | जम्मा : | | १३,५६,०००। | |